नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: सार्वजनिक शान्ति बिरुद्धको कसूर ।**

**मि.नं.-५९० दायर मिति:-२०८१/०२/३०**

**फैसला मितिः-२०८१।०२।३०**

| वादी | प्रतिवादी |
|---|---|
| प्र.ब.ना.नि.सुनिल कुमार थापा समेतको प्रतिवेदनले | जिल्ला मकवानपुर हेटौडा उ.म.न.पा.वडा नं.८ वस्ने बिचारी लामाको छोरा वर्ष २६ को बिशाल लामा समेत २ जना ...... |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

<u>तथ्य-खण्ड</u>

१. प्रतिवादीहरुले गाली गलौज गर्दै हातपात समेत गर्न खोजी कर्तव्य पालनामा बाधा पुर्याएको भन्ने प्रहरी प्रतिवेदन।
२. प्रतिवादीहरुले गाली गलौज गर्दै हातपात समेत गर्न खोजी कर्तव्य पालनामा बाधा पुर्याएको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. हामीले प्रहरीलाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी कर्तव्य पालनामा बाधा पुर्याएकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. गाली गलौज गर्दै हातपात समेत गर्न खोजी कर्तव्य पालनामा बाधा पुर्याएकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका संदिप कुमार रैनियार समेतको घटनाविवरण कागज।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

<u>ठहर-खण्ड</u>

यसमा मिति २०८१।२।८ गते अ.२३:०० बजेको समयमा जिल्ला पर्सा वीरगंज म.न.पा.वडा नं.१६ स्थित सडकमा बिशाल लामा र बिक्रम श्रेष्ठलाई शंकास्पद रुपमा फेला पारी सोधपुछ गर्दा निजहरुले आवेशमा आई बिभिन्न अपशव्द प्रयोग गरी गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुऱ्याएको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीहरुले गरेको बयान तथा प्रतिवादीहरुले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीहरुले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादीहरु बिशाल लामा र विक्रम श्रेष्ठ लाई कैद दिन २२ र जनही जरिवाना रु.१०००/- अक्षेरुपी एक हजार मात्र गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>तपसिल खण्ड</u>

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादी बिशाल लामा र विक्रम श्रेष्ठलाई ठहरेको कैद दिन २२ को हकमा निज मिति २०८१/०२/०८ देखि २०८१।०२।२९ सम्म हिरासतमा बसी भुक्तान गरिसकेको र जरिवानाको हकमा जनही रु.१०००/- असुल उपर गर्ने, असुल नभए मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को दफा १५५(३) बमोजिम ४ दिन कैद भुक्तान गराउन कारागार कार्यालय, पर्सालाई पत्र लेख्नु----------------------------------------------------------------------------------------- ------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ जेष्ठ महिना ३० गते बुधवार रोज ४/ ने.सं. ११४४ तछलाथ्व षष्ठी, शुभम् .......